# राप्ती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मसुरीया,दाङ




## तेस्रो त्रमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन
## २०८१/०८२



**<u>सहजिकरण</u>**

दिवाकर पोखेल स्वतन्त्र परामर्शदाता

र

चुमा आचार्य



Scanned with CamScanner

राप्ती गाउँ

तेस्रो त्रमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

आ.व.२०८१/८२

संक्षिप्त जानकारी

सार्वजनिक सुनुवाईको संयोजन गर्ने व्यक्तीको नाम, घर र ठेगाना : दिवाकर पोख्रेल, पत्रकार गोरखापत्र

सहजकर्ताको नामथर र ठेगाना : चुमा आचार्य, पत्रकार बुटवल टुडे

## सुनुवाई गरिएका विषयवस्तुहरु

क) वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनको जानकारी ।

ख) सेवा प्रवाहबाट नागरिकमा परेको प्रभावको अवस्था जानकारी ।

ग) जवाफदेहिता तथा पृष्ठपोषण लिने ।

कार्यक्रम आयोजना स्थल : राप्ती गाउँपालिकाको वडा न.. ७ भानपुर चोक राप्ती देउखुरी दाङ

कार्यक्रम आयोजना गरिएको मिति र समय : २०८१ साल चैत्र महिनाको ३१ गते आइतबार

कार्यक्रम संचालन गरिएको समयावधी : विहान ८:०० देखि १०:०० बजेसम्म

सहभागी संख्या :१६७

| जम्मा सहभागि संख्या | लिङ्ग | | सामाजिक समावेशीकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | बाक्षेठ | जनजाती पहाड/तराई | दलित पहाड/तराई | मधेशी | मुस्लिम | पछाडी परेका समुदायहरु | अपाङ्गता भएका व्यक्ति |
| १६७ | ७८ | ८९ | ४९ | ११३ | ३ | २ | | | २ |



CS Scanned with CamScanner

# बिषयसूची

१. भूमिका ..........................................................

२. सार्वजनिक सुनुवाईको औचित्य ..........................................................

३.कार्यक्रमको उद्देश्य : ..........................................................

४. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय : ......................

५. सार्वजनिक सुनुवाई सञ्चालन विधि : ..........................

६. औपचारीक कार्यक्रम : ......................

७. उठेका प्रश्न र जिज्ञासा र उत्तर : ..................

८. कार्यक्रमको समापन ....................

९. निष्कर्ष तथा सुझावह.....................................................

**अनुसूचिहरु**

अनुसूचि १ हाजिरी

अनुसूचि २ फोटोहरु



Scanned with CamScanner

१. भूमिका:

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने व्यवस्था गरेको छ ।

नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धती अनुसार विकासका प्रयासहरुलाई स्थानीय तहबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । यी ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाईरहेको छन । सेवाग्राही नागरीकहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय तहहरुलाई सफल एवम सबल निकायको रुपमा स्थापित समेत गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ ।

यि अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय तहहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय तहहरुले एक आ.व.को चौमासीक वा त्रैमासिकमा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीन वा चार पटक गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ

ती व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय तहहरुले वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस राप्तीगाउँपालिकाले आ.व. २०८१/०८२ को तेस्रो त्रमासिक भने पनि चालु आ.वमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन समग्र कार्यहरुको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न स्वतन्त्र परामर्शदाताहरुबाटसहजिकरण भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

२. सार्वजनिक सुनुवाईको औचित्य:

स्थानीय सरकार शासन सञ्चालन ऐन २०७४, तथा स्थानीय तहका लागि निर्माण गरिएको सुशासन प्रर्वद्धन कार्यनीति २०७७ ले हरेक स्थानीय तहले एक चौमासीक, त्रैमासीक वा वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाइ गर्नु पर्ने कुरा उल्लेख गरेको छ । राप्ती गाउँपालिकामा आ.व. २०८१।८२ को तेस्रो चौमासिक र चैत महिना सम्म सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय नागरीकहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाइ कार्यले व्यवस्थापन गर्दछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले व्यवस्थित गरेको छ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँ तथा नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पारेको छ ।

३.कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य राप्ती गाउँपालिकाबाट आ.व २०८१/०८२ को अर्धवार्षिक अवधिमा नागरीकहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया


CS Scanned with CamScanner

तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु थियो । त्यस्तै स्थानीय तहबाट उपलब्धहुने वा उपलब्ध गराईएको सेवा, वस्तु र सुविधाका सम्बन्धमा अध्ययन अनुसन्धानबाट देखिएका सवाल/विषयहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक स्थलमा सेवाग्राही नागरिक तथा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारी बीच दोहोरो संवाद (पश्न- उत्तर प्रकृया) बाट स्थानीय तहहरुले प्रदान गर्ने सेवा, सुविधा र बस्तुका सम्बन्धमा सेवाग्राही नागरिक प्रति जवाफदेहिता सृजना गरी प्रदत्त सेवा, सुविधा र बस्तुको गुणस्तर कायम गर्न टेवा पुऱ्याउनु तथा समग्रमा पारदर्शिता तथा जवाफदेहिताको माध्यमबाट सुशासनको प्रत्याभूति दिन सार्वजनिक प्रतिबद्धता कार्यान्वयन र अनुगमन गर्ने उद्देश्य रहेको थियो ।

**४. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :**

अर्धवार्षिक अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०८१ साल चैत्र महिनाको ३१ गतेका दिन राप्ती गाउँपालिकाको वडा न.७ को भानपुर चोकमा  कार्यक्रम आयोजना गरिएको थियो । विहान ८:३० बजेबाट शुरु भएको कार्यक्रम १०:३० बजे सम्पन्न गरिएको थियो ।

**५. सार्वजनिक सुनुवाई सञ्चालन विधि :**

सार्वजनिक सुनुवाई कार्यविधि २०६७ र सुशासन प्रर्वद्धन रणनीति २०७७ बमोजिम स्थानीय तहहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले राप्ती गाउँपालिकाले स्वतन्त्र परामर्शदातासँग सार्वजनिक सुनुवाइ कार्यक्रमको सहजीकरणको सम्झौता गरेको थियो । यस कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको थियो । यस सार्वजनिक सुनुवाइ राप्ती गाउँपालिकाको सम्पुर्ण वडालाई समेटने गरी संचालन गरिएको थियो ।

**६. औपचारीक कार्यक्रम :**

राप्ती गाउँपालिकाको आयोजनामा तथा परामर्शदताहरुको सहयोगमा यहि मिति २०८२ चैत्र ३१ गते तेस्रो त्रमासिक अवधि सम्मकोसार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो । राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष श्री कमलापती चौधरी, प्रमुख प्रशासकिय अधिकृत देविराम पाठक, वडाका वडा अध्यक्षहरु, शाखाका प्रमुखहरु, कार्यपालिका सदस्यहरु, वडा सचिवहरु तथा कर्मचारीहरुको उपस्थिती रहेको थियो । त्यस्तै कार्यक्रममा राप्ती गाउँपालिकाबाट सेवा लिएका सेवाग्रहीहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु, विभिन्न नागरीक समाज संस्थाका प्रतिनिधिहरु, लक्षित समुह संजालका प्रतिनिधिहरु, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, पत्रकारहरु लगायतको सहभागीता रहेको थियो ।

यस सार्वजनिक सुनुवाईको कार्यक्रममा राष्ट्रिय गानबाट कार्यक्रमको उद्घाटन गरिएको थियो । स्वतन्त्र परामर्शदाता दिवाकर पोखेलबाट कार्यक्रमको उद्देश्य तथा आचारसंहिता माथि प्रकाश पार्ने काम भएको थियो । राप्ती गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकले यस अर्धवार्षिक अवधी भित्र सम्पन्न गरिएका कामहरुको संक्षिप्त प्रगती प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यस्तै परामर्शदाता पत्रकार चुमा आचार्यले कार्यक्रमको संचालन गर्नुभएको थियो ।

Scanned with CamScanner

**७. उठेका प्रश्न तथा जिज्ञाशा तथा सम्बोधनर सवाल जवाफ**

नागरिक अभिमत र त्यसको विश्लेषण

नागरिक अभिमत संकलन गरिएको सेवा ग्राहीको संख्या १२५ जना

महिला संखया ७१ ५७प्रतिसत

पुरुष ५४ ४३ प्रतिसत

नागरिक अभिमतं र प्रतिक्रियाको लागि प्रत्येक वडामा खटेकाहरु नामावली

| वडा नं | प्रतिनिधिको नाम | संख्या | प्रतिसत |
|---|---|---|---|
| वडा न.. १ | झपेन्द्र केसी | ११ | ९ |
| वडा नं.२ | राजकुमार तामाङ | ११ | ९ |
| वडा न..३ | दिवाकर पोखेल | ११ | ९ |
| वडा न.४ | कल्पना परियार | ११ | ९ |
| वडा न.५ | चुमा आचार्य,दिवाकर | १६ | १२ |
| वडा न.६ | राजकुमार चौधरी | १३ | १० |
| वडान.७ | गोविन्द चौधरी | १० | ८ |
| वडा न. ८ | कमला शर्मा | १७ | १४ |
| वडा न.९ | दिवाकर पोखेल | २ | २ |
| पालिकामा सेवाग्राही चुमा,दिवाकर | | २३ | १८ |
| जम्मा | | १२५ जना | १०० प्रतिसत |

**जातीगत विवरण:**

| | | |
|---|---|---|
| आदीवासी जनजाती | ६५ | ५२ प्रतिसत |
| मधेशी,मुस्लीम | ३ | २. प्रतिसत |
| दलित | ११ | ९ प्रतिसत |
| ब्रामण क्षेत्री,अन्य | ४६ | ३७ प्रतिसत |
| | १२५ | १०० प्रतिसत |

CS Scanned with CamScanner

उमेर समुहगत संख्या प्रतिसत

CS Scanned with CamScanner

| | | |
|---|---|---|
| १९ वर्ष सम्मको | ११ | ९ |
| २०देखि ५० सम्म | ७४ | ५९ |
| ५० भन्दा माथि | ४० | ३२ |

सेवाग्राही र स्थानीयसंग सोधीएका प्रश्न र जवाफ सख्या र प्रतिसत

**१)तपाइलाई राप्ती गाउँपालिका गर्दै आरहेको काम कस्तो लागिरहेको छ ?**

*क) अति राम्रो १० प्रसित ख) राम्रो ४८ ग) ठिक ठिकै ३९ घ) नराम्रो ३*

**२) सेवा प्रवाहको हिसावले पालिकाको कुन शाखा उत्तम मान्नुहुन्छ ?**

*क) शिक्षा खेलकुद १७ ख) योजना १७ ग) महिलाबालवालिका १७ घ) कृषि २१७*
*अन्य भए उल्लेख गर्ने स्वास्थ्य ४२*

**३) कर्मचारीको व्यवहार कस्तो मान्नुहुन्छ ?**

*क) अति राम्रो २ राम्रो ५१ ग) ठिक ठिकै ४७ घ) नराम्रो*

**४) तपाईले पालिका वा वडामा काम गराउँदा राजश्व वाहेकको अन्य शुल्क तिर्नु परेको छ ?**

क) छ ख) छैन ९७ ग) थाहाभएन घ) भन्नचाहदैन ३

**५) तपाईले पालिका वा वडामा कर्मचारी समयमै कार्यालय आएको र गएको पाउनुहुन्छ ?**

*क) छ ४० ख) छैन २५ ग) थाहाभएन २५ घ) भन्नचाहदैन १०*

**६) पालिकाबाटपाउने सबै प्रकारका सेवा सुविधाको जानकारी के को माध्यमबाट थाहा पाउनुहुन्छ ?**

क) संचारमाध्यम २५ ख) जनप्रतिनिधी २३ ग) दलकाकार्यकर्ता २३ घ) कर्मचारी ११
अन्य भए खुलाउने १६

**७) पालिकाको कुनशाखाले केके सुधार गर्नुपर्ने देख्नुहुन्छ ?आफ्नो सुझाव छोटोमा ।**

शिक्षामा नतिजा,योग्य शिक्षकलाई पुरस्कार पोत्सहन,स्वास्थ्यका उपकरण,भौतिक पूर्वाधारमा जोड,कृर्षिले मल र बजारीकरण

**८) जनप्रतिनिधीको कामबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?**

*क) छु १५ ख) छैन ९ ग) थाहाभएन १२ घ) भन्नचाहदैन १२ ङ) सुधार गनुपर्छ ५२*

९ योजनाको काममा फरफारकको लागि तपाईको अनुभव कस्तो छ ?

क) अति राम्रो ख) राम्रो २७ ग) ठिक ठिकै ७० नराम्रो ३

१०) तपाइले आफ्नो तर्फबाट जनप्रतिनिधि,कर्मचारीको लागि सुझावहरु दिनुहोस

**सुझावहरु समस्टीमा** :जनप्रतिनिधी अझै सरल बन्नु परो,कसैलाई भेदभाव गर्न भएन,भौतिक पूर्वाधार तर्फ पनि ध्यान दिनु परो कृर्षिमा उत्तिकै दिनु परो

कर्मचारी समयमा आउनेजाने गर्नु परो, सेवाभाव राख्नु परो हेल्प डेक्सलाई व्यवस्थीत गर्नु परो आदी ।

*सार्वजनिक सुनुवाइमा सवाल जवाफ:*

| क.स. | प्रश्न कर्ता वा गुनाशो गर्ने वा सुझाव दिने व्यक्तिको नाम | सहभागिको प्रश्न,सुझाव र गुनाशो | जवाफ दिने व्यक्तिको पद र ठेगाना | ब्यहोरा |
|---|---|---|---|---|
| १ | डिलाराम आचार्य गाँपालिक | गाउँपालिकाबाट धेरै हदसम्म सकरात्मक काम भएका छन यो अवस्था कायम राखी राख्नुहोला | गाउँपालिका अध्यक्ष प्रकाश विष्ट | हामी राप्ती गाउँपालिकामा नमूना बनाएर देखाउने योजनामा छौ । हामी सबैले सकरात्मक सौंचका साथ काम गरौ |
| २ | यमवहादुर चौधरी | थारु समुदायको प्रवद्धनमा के काम भइरहेको छ ? | गाउँपालिका अध्यक्ष | हामी स्तानीय स्तरका उत्पादनमा जोड दिएका छौ । स्थानीय उत्पादनलाई ब्रान्डीङ गर्ने योजना छौ । थारु होमस्टेमा जोड दिएका छौ । पहुना आउँदा थारु बस्तीमा लग्ने संस्कृति चिनाउने गरेका छौ । यहाँका भूमिपुत्र थारु समुदायलाई कृषि, र संस्कृतिसंग जोड्दै लगेका छौ । |
| ३ | रामप्रसदाद चौधरी | कृषिको समयमा मल सहज रुपमा पाउन सकिरहेका छैनौ | कृषि शाखा प्रमुख वरसाती | युरीया र डिएपी जस्ता रसानिक मल खरिद |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | गडरीया | गर्ने काम पालका आफैले गर्दैन । साल्ट टेर्डिङ कम्पनी मार्फत सहकारीलाई वितरण हुने गर्छ । यो संघीय सरकारको विषय भयो तर हामीले स्थानीय स्तरमा कम्पोष्ट मल,प्राँगारीक मल निर्माण गर्ने काममा सहयोगगरिरहेका छौ । अब हामी रसायनिक मलको सट्टा कम्पोस्ट मलमा पनि जोड गरौ । |
| ४ | सिता चौधरी | निशुल्क शिक्षा भनेको परीक्षा शुल्क किन लाग्ने गर्छ ? | विश्वास विक शिक्षा शाखा प्रमुख | पालिकाबाट भर्ना र मासिक शुल्कमा मात्र निशुल्क व्यवस्था गरेका छौं । परक्षिा शुल्क र अतिरिक्त कक्षा ( टियुसन) शुल्क पालिकाले निशुल्क गरेको छैन । यदि भर्नार मासिक शुल्क कुनैपनि विद्यालयले कि भए जानकारी गराउनुहोला हामी अनुगमन गरी यहाँको शुल्क फिर्ता समेत गराउँछौ । |
| ५ | जग नारायण चौधरी | टोल विकास संस्थालाई कागजात राख्न समस्या भएको छ ? झोला वा कुनै केही व्यवस्था गर्न मिल्दैन ? | देविराम पाठक प्रमुख प्रशाकिय अधिकृत | हामी टोल विकास संस्थालाई आवश्यक सहयोग गर्ने,नेतृत्व तथा क्षमता विकास गराउने काम गर्छौ । साथै यहाँहरुले भनेजस्तो आवश्क कागजात सुरक्षित राख्ने झोला आवश्यक हो भने कार्यपालिका बैठकबाट निर्णयबाट निर्णय गराएर गरौला |
| ६ | सन्तोष कुमार | तपाईहरुले निर्वाचनको समयमा | गाउपालिका | हामीले भने हौ । शुरु |

Scanned with CamScanner

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | गुप्ता | रोजगार बैक स्थापना गर्ने रजगारी दिने कुराधेरै गर्नुभयो अहिले किन हुन सकेन | अध्यक्ष प्रकाश विष्ट,उपाधयक्ष कमलापती चौधरी | पनि भएको छ । बादुको धुप बनाउने तालिम संचालन गरेर उद्यमी वनाउने काम भएको छ ,। कृषि क्षेत्रमा कृषि उद्यमशिलता मार्फत र उत्पादनमा आधारित अनुदान मार्फत रोजगारी सिर्जना गर्ने काम भएको छ । अझै समय छ हाम्रो ध्यान नै त्यहीमा छ । |
| ७ | पदमा नेपाली | हामी दलितहरुको लागि केही जानकारी आउँदैन केहि राहत सुविस्था भएन अबको योजना केछ ? | गाउँपालिका अध्यक्ष प्रकाश विष्ट | हामी पालिका स्तरबाट र वडा सतराट पनि दलित समुदय लक्षित कार्यक्रम चलाएका छौ । जनप्रतिनिधी र टोलविकास संस्थासंग सूचना लिन सकिन्छ ।संचार माध्यम र सामाजिक संजालबाट पनि सूचना जारी गर्छौ । दलित समुदायकै लागि सिलाई वुनाइ तालीम, घरेलु कृर्षि औजार बनाउने तालीम पनि संचालन गरेका छौ । यहाँको इच्छा अनुसारको सिप र कार्यक्रम भए निवेदन पेश गर्नुहोला हामी वजेट विनियोजन गर्छौ । |
| ८ | विर वहादुर चौधरी ,भिमसेन चौधरी | भानपुरको पश्चिम टोलमा बाटो ठूलो वनाउने काम हुन सकेन | वडा न. ७ का वडाअध्यक्ष सितराम चौधरी | बाटो निकाल्ने बजेट आएको हो । सडक वनाृने विषयमा सहमति हुन सकेन उक्त बजेटलाई रकान्तरण गरेर व्याटमिन्टन कोर्ड बनाउनेमा लगाएका हौ । यहाँहरुले स्थानीय |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | स्तरमा सडक निकाल्ने विषयमा सहमगि गर्नुभयो भने सडक बन्छ ढुक्क हुनुहोस । |
| १० | प्रतिक्रिया संकलनबाट प्राप्त प्रश्न | न्याय सम्पादनमा अझै प्रभावकारी वनाउने योजना केछ ? | कलापति चौधरी गाउँपालिका उपाध्यक्ष | हामी ससाना विवादहरु मेलमीलापको माध्यमबाट विवाद हल गर्दै आइरहेका छौ । कानुनले तोके भन्दा वाहीर गएर काम गर्न नमिल्ने हुनाले धेरै विवादहरु पनि आउँदैनन । आएका विवादहरु हल हुने खालका हल गरेका छौ भने सम्बन्धीत निकायमा पनि पठाएका छौ । |
| ११ | प्रतिक्रिया संकलनबाट प्राप्त प्रश्न | अस्पतालमा उपकरण भएनन,डाक्टर टिक्दैनन किन ? | स्वास्थ्य शाखा प्रमुख नाराण रावत | ठूला उपकरण छैनन ।आधारभुत उपकरणकोअभाव छैन । उपकरण चलाउने जनशक्ती नभएकाले पनि उपकरण नभएको हो । हामी थप सुविधा दिएर पनि जनशक्ती टिकाने प्रयासमा छौ । |

**८. कार्यक्रमको समापन**

यस त्रिवेणी गाउँपालिकाको आ.व ०८१/०८२ को अर्धवार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम गाउँपालिका अध्यक्ष कर्ण वहादुर बाठामगरको अध्यक्षतामा सम्पन्न भएको थियो । सार्वजनिक सुनुवाइको जवाफदेही वक्ताको रुपमा गाउँपालिका अध्यक्ष प्रकाश विष्ट गाउँपालिका उपाध्यक्ष कमलापती चौधरी, प्रमुख प्रशासकिय अधिकृत देविराम पाठक, वडा अध्यक्षहरु, वडा सचिव तथा शाखाका प्रमुखहरुको सहभागीता रहेको थियो ।

त्यस्तै कार्यक्रममा राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न सार्वजनिक निकायका सरोकारवालाहरु, नागरीक समाज संघसंस्था, उद्योगी, व्यावसायी, टोल विकास संस्था, उपभोक्ता समितिका पदाधिकारी, विकास साझेदार निकाय तथा गैससका प्रतिनिधि, पत्रकार, उपभोक्ताहरु र सर्वसाधरण नागरिकको सहभागिता रहेको थियो । यस अवसरमा विभिन्न सेवाग्राही नागरीकहरुले आ-आफनो गुणासो, सुझाव तथा प्रतिक्रिया राख्नु भएको थियो । सार्वजनिक सुनुवाइमा उठेका नागरीकहरुका गुणासा तथा समस्याहरुको बारेमा गाउँपालिका अध्यक्ष प्रकाश विष्ट गाउँपालिका उपाध्यक्ष कमलापती चौधरी, प्रमुख

प्रशासकिय अधिकृत देविराम पाठक, वडा अध्यक्षहरु, वडा सचिव तथा शाखाका प्रमुखहरु लगायतले सम्बोधन तथा व्यवस्थापन गर्नुभएको थियो । यस सार्वजनिक सुनुवाइमा बोल्दै गाउँपालिका अध्यक्ष प्रकाश विष्टले सेवा प्रवाहलाई प्रभावकारी ढंगले सञ्चालन गर्न तथा विभिन्न योजनाहरुलाई पारदर्शी रुपमा प्रस्तुत गर्न आफु प्रतिबद्ध रहेको बताउनु भयो । उहाँले विभिन्न खालका विकृतीहरुले गर्दा सेवा प्रवाहमा समस्या आएकोले यसलाई सहि ढंगबाट व्यवस्थापन गर्न नियमित सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष कमलापती चौधरीले उठेका सवालहरु जायज भएको र यी यस्ता विषयहरुमा हामी र कार्यपालिका संबेदनशिल रहेको बताउनु भयो ।

### ९. निष्कर्ष तथा सुझावहरु

यस सार्वजनिक सुनुवाइ कार्यक्रमबाट अझै पनि कार्यालय भित्र पारदर्शिता, जवाफदेहीता तथा कर्मचारी र जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी हुनुपर्ने निष्कर्ष रहेको छ । हरेक विकास निर्माणको कामलाई गुणस्तरी बनाउँदै नागरीकहरुको सहभागीता वृद्धि गर्दै उनिहरुलाई सूचनाको पहुँचमा पुऱ्याउनुपर्ने देखिएको छ । त्यस्तै सेवाग्राहीहरु नागरिकहरुलाई नागरिक सूचना मार्फत व्यापक जानकारी गराउनुपर्ने, सेवालाई प्रभावकारी, छिटो, छरीटो बनाई विकास पुर्वाधार, स्वास्थ्य तथा सरसफाई लगायतका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिएको छ ।

यस सार्वजनिक सुनुवाईमा आएका जिज्ञासा, सुझाव तथा सल्लाह अनुसार गाउँपालिकाले योजना तथा कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधानमा उल्लेखित हक तथा अधिकारलाई प्रत्याभुती गर्दै पालिकालाई अझ बढि नागरीक मैत्री बनाउन जोड गर्नुपर्ने र नागरिकका आवश्यकता पहिचान गर्दै योजना तथा कार्यक्रमहरु निर्माण गर्नुपर्ने यस सार्वजनिक सुनुवाई कार्यक्रमको निष्कर्ष रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार एक चौमासिकमा कम्तीमा १ पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने छ ।

शाखागत तथा वडास्तरमा भएका सार्वजनिक सुनुवाईहरुलाई नियमित र प्रभावकारी गराउनुपर्ने, सार्वजनिक सुनुवाई कार्यक्रमलाई खुल्ला मञ्चमा व्यापक जनसहभागितामा गर्नुपर्ने, सार्वजनिक सुनुवाईको सुचना प्रभावकारी संचार माध्यमबाट आम .जनमानसमा जानकारी गराउने र व्यापक तयारी गरी कार्यक्रम संचालन गर्नुपर्ने देखिएको छ । गाउँपालिकाले आफुले गरेका क्रियाकलापहरुको जानकारी आम नागरिकलाई दिने र सुशासनको प्रत्याभूति गराउने उद्देश्यले गरेको अर्धबार्षिक सार्वजनिक सुनुवाईको प्रभावकारीता रहेको छ । यस कार्यकालागि सहजिकरणको जिम्मेवारी दिने राप्ती गाउँपालिकालाई धन्यबाद व्यक्त गर्दछौ ।

धन्यबाद ।

प्रतिवेदन तयार गर्ने
CS Scanned with CamScanner
दिवाकर पोखेल

**राप्ती गाउँपालिका दाङ्ग लुम्बिनी प्रदेश नेपाल**

April 13 at 12:40 PM ·

राप्ती गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न

मसुरीया, ३१ चैत।
दाङको राप्ती गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिसम्मको सार्वजनिक सुनुवाइ कार्यक्रम आइतबार सम्पन्न गरेको छ। सार्वजनिक सुनुवाइ कार्यक्रम वडा नं. ७ स्थित भानपुर चोकमा आयोजना गरिएको थियो।

गाउँपालिकाले आफ्ना मातहतका कार्यालयहरूबाट प्रदान गरिएका सेवा, योजना र कामकारवाहीबारे जानकारी गराउँदै सेवाग्राहीसँग अन्तरक्रिया गर्ने तथा सेवा प्रदायकलाई जवाफदेही बनाउने उद्देश्यले सार्वजनिक सुनुवाइको आयोजना गरेको हो।

कार्यक्रममा सहभागीहरूले शिक्षा, स्वास्थ्य, कृषि, सडक, सिँचाइ, विद्युत, विपद् व्यवस्थापन, न्यायिक सेवा, सुशासनलगायतका विषयमा जिज्ञासा, सुझाव र गुनासा राखेका थिए।उनीहरुले उठाएका प्रश्नहरूको जवाफ गाउँपालिका अध्यक्ष प्रकाश विष्ट, उपाध्यक्ष कमलापती चौधरी, प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक, वडा अध्यक्षहरू र सम्बन्धित शाखा प्रमुखहरूले दिनु भएको थियो।

सो कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष विष्टले निर्वाचनका बेला गरिएका अधिकांश प्रतिबद्धता पालिकाले पूरा गरेको उल्लेख गर्दै समृद्धि, विकास र सेवा प्रवाहमा आफूहरु निरन्तर क्रियाशील रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "काम गर्दा ढिलोचाँडो त हुन्छ, तर हामी राप्तीवासीको सेवामा निरन्तर लागिरहेका छौँ। रचनात्मक सुझाव, सल्लाह र खबरदारी पनि निरन्तर रहोस् भन्ने हाम्रो अपेक्षा छ।"

अध्यक्ष विष्टले शिक्षा, स्वास्थ्य, कृषि र उद्यमशीलता जस्ता क्षेत्रका आधारभूत आवश्यकता पूरा गर्न पालिका प्रतिबद्ध रहेको बताउनुभयो। साथै, उहाँले दिगो विकासका लागि जनसहभागिता अपरिहार्य रहेकोमा जोड दिनुभयो।

कार्यक्रमको सहजीकरण पत्रकार चुमा आचार्य र दिबाकर पोख्रेलले गर्नुभएको थियो।

राप्ती गाउँपालिकाले पारदर्शिता र जवाफदेहिताको औजारको रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम प्रत्येक त्रैमासिकमा सञ्चालन गर्दै आएको छ।


अवधि


United
United


R.K.
D.J.
R.K.
D.J.






आर्थिक वर्ष २०८१
को तेस्रो त्रैमासिक
सम्मको